सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. :-

**बिषय : कृषि विकास कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१९ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वडा नं. २ को आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने कृषि फर्म अनुदान (वडा नं.२) कार्यक्रममा सहभागी हुन सिद्धलेक गाउँपालिका वडा नं. २ भित्रका दर्ता भएका ईच्छुक कृषि फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०७९/११/०४ गते भित्र) यस गाउँपालिकाको कृषि विकास शाखामा प्रस्ताव सहितको निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

<u>तपशील</u>

| सि. नं. | कार्यक्रमको नाम | साझेदार संस्था | बिनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि फर्म अनुदान ( वडा नं. २) | कृषि फर्म | ५,७०,०००।- | |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

(१) रु. १० को हुलाक टिकट टाँस गरी प्रस्ताव सहितको निवेदन ।

(२) सम्वन्धित निकायमा कृषि फार्महरुले दर्ता प्रमाण पत्र तथा नविकरण पछिल्लो समयको तिरेको करचुक्ता, स्थायी लेखा नम्बर(प्यान) प्रमाणपत्र।

(३) सम्वन्धित संस्थाले जिम्मेवारी तोकेको व्यक्तिको नागरिकताको प्रतिलिपी ।

(४) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको करारनामा पत्र ।

(५) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

*<u>(लागत साझेदारी गर्ने ईच्छुक फर्मलाई प्राथमिकता दिईनेछ ।)</u>*

बिस्तृत जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन ।

सम्पर्क व्यक्तिहरु - श्री कोमल प्रशाद जोशी - ९८६४३००१०१, श्री इरिसा पाटामगर -९८६८८३६८८१

राममणी मिश्र
प्रमुख प्रशासकिय अधिकृत

<u>बोधार्थ</u>

सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरिदिनु हुन ।

Scanned with CamScanner